# केन्द्रीय न्यायक्षेत्र समन्वय समिति कार्यसञ्चालन निर्देशिका, २०७२

**प्रस्तावनाः**

केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ११६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले यो निर्देशिका बनाई लागू गरेको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम **"केन्द्रीय न्याय क्षेत्र समन्वय समिति कार्यसञ्चालन निर्देशिका, २०७२"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "समिति" भन्नाले केन्द्रीय न्यायक्षेत्र समन्वय समिति सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको अध्यक्ष सम्झनुपर्छ ।

ग) "सदस्य-सचिव" भन्नाले केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको सदस्य-सचिव सम्झनुपर्छ ।

घ) "नियमावली" भन्नाले सर्वोच्च अदालत नियमावली, २०४९ सम्झनुपर्छ ।

परिच्छेद-२

**बैठकसम्बन्धी कार्यविधि र विषयहरू**

३. **समितिको बैठकः** (१) समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशानुसार सदस्य-सचिवले बैठकमा छलफल र निर्णयको लागि पेस हुने विषय (एजेन्डा) सहित बैठक बस्नुभन्दा सामान्यतया चौबीस घण्टा पहिले नै सबै सदस्यहरूलाई बैठकमा उपस्थितिको लागि अनुसूची - १ को ढाँचामा सूचना गर्नु पर्नेछ ।

(३) नियमावलीको नियम १३घ.४(३) बमोजिम अध्यक्षले अन्य न्यायाधीश, पदाधिकारी वा व्यक्ति विशेषलाई समितिको बैठकमा आमन्त्रण गरेको अवस्थामा सदस्य-सचिवले त्यस्तो आमन्त्रित न्यायाधीश, पदाधिकारी वा व्यक्तिलाई समेत उपदफा (२) बमोजिम सूचना गर्नु पर्नेछ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) बैठकमा सदस्य-सचिवले पूर्ववितरित विषयसूचीमा उल्लिखित क्रमानुसार छलफलको विषय (एजेन्डा) प्रस्तुत गर्नेछ ।

४. **सदस्य-सचिवको काम र कर्तव्यः** (१) सदस्य-सचिवको काम र कर्तव्य देहायबमोजिम हुनेछः

(क) समितिका सदस्यहरूले समितिको आगामी बैठकमा छलफल गर्नु पर्ने भनी आवश्यक ठानेका विषयहरू (एजेन्डा) अनुसूची-२ को ढाँचामा सङ्कलन गर्ने ।

(ख) खण्ड (क) वमोजिम सङ्कलन भएका विषयहरू अध्यक्ष समक्ष पेस गर्ने ।

(ग) अध्यक्षबाट स्वीकृत छलफलका विषय (एजेण्डा) सहित समितिका सदस्यलाई बैठकमा उपस्थितिको लागि सूचना गर्ने ।

(घ) बैठकमा विषयसूचीको क्रमअनुसार छलफलको विषय प्रस्तुत गर्ने ।

(ङ) बैठकको उपस्थिति र निर्णय अनुसूची-३ को ढाँचामा निर्णयपुस्तिकामा लेख्ने र निर्णयपुस्तिका अध्यक्षद्वारा प्रमाणित गराउने ।

(च) निर्णयपुस्तिका आफ्नो जिम्मामा सुरक्षित राख्ने।

(छ) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ज) समितिको निर्णयको छायाँप्रति तीन दिनभित्र समितिका सदस्यहरूलाई र पुनरावेदन तथा जिल्ला न्यायक्षेत्र समितिसँग सम्बन्धित विषयमा ती समितिहरूलाई एवं निर्णय कार्यान्वयनसँग सम्बन्धित अन्य निकायलाई अनुसूची-४ को ढाँचामा उपलब्ध गराउने ।

(२) समितिको सदस्य-सचिवले समितिको काम कारवाहीमा आफू अधिनस्थ अन्य कुनै अधिकृतको सहयोग लिन सक्नेछ ।

५. **बैठकमा पेस हुने विषयः** समितिको बैठकमा देहायका कुनै पनि विषयमा छलफल र निर्णय हुन सक्नेछः

(क) न्यायिक कामकारवाहीलाई छिटो छरितो एवं प्रभावकारी बनाउन तथा न्यायमा जनताको पहुंच बढाउनको लागि सरोकारवाला निकायहरूबीचको सम्बन्ध बिकास र समन्वय कायम गर्ने बिषयमा आवश्यक प्रबन्ध गर्ने,

(ख) फैसला कार्यान्वयनको अवस्थाको आवधिक मूल्याङ्कन गरी शीघ्र फैसला कार्यान्वयनको लागि आवश्यक नीति निर्धारण तथा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(ग) न्याय प्रशासनसँग सम्बन्धित विषयमा नेपाल सरकारका केन्द्रीय निकाय एवं पुनरावेदन तथा जिल्ला तहका न्यायिक तथा अर्द्धन्यायिक निकायहरूको काम कारबाहीमा अन्तरनिकायगत समन्वय र सहयोग कायम गर्ने,

(घ) न्यायपालिकाको रणनीतिक योजना प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सहयोग र समन्वय गर्ने,

(ङ) न्यायिक तथा अर्द्धन्यायिक निकायको फैसला र आदेश कार्यान्वयनलाई प्रभावकारिता दिन आवश्यक सहयोग र समन्वय गर्ने,

(च) न्यायिक तथा अर्द्धन्यायिक निकायको सुरक्षा प्रबन्ध मजबुत गर्न गराउन समन्वय गर्ने,

(छ) न्याय प्रशासन ऐन, २०४८ को दफा २० बमोजम पुनरावेदन अदालतबाट भएको अदालत तथा अर्द्धन्यायिक निकायको निरीक्षणमा औंल्याइएका विषय र दिइएका निर्देशन कार्यान्वयन गर्न सहयोग र समन्वय गर्ने,

(ज) समितिको अघिल्ला बैठकहरूबाट भएका निर्णय कार्यान्वयनको मूल्याङ्कन र अनुगमन गर्ने,

(झ) न्याय सम्पादनको कार्यलाई छिटो छरितो र प्रभावकारी ढंगले सञ्चालन गर्न विभिन्न सरोकारवाला समूहलाई लक्षित गरी आवश्यकतानुसार प्रशिक्षण, कार्यशाला वा गोष्ठी सञ्चालन गर्ने गराउने,

(ञ) अदालतमा रहने वैतनिक वकील तथा स्थानीय तहमा कानूनी सहायता सेवा उपलब्ध गराउने संस्थाको सेवालाई अर्द्धन्यायिक निकायको क्षेत्राधिकारभित्रका मुद्दा मामिलासँग सम्बन्धित विपन्न, असहाय र पिछडिएको वर्ग तथा समुदायका व्यक्तिको हकमा समेत विस्तरित गर्ने गराउने कार्यमा समन्वय गर्ने,

(ट) पुनरावेदन तथा जिल्ला न्यायक्षेत्र समन्वय समितिको काम कारवाहीलाई प्रभावकारी बनाउने,

(ठ) पुनरावेदन तथा जिल्ला न्याय क्षेत्र समन्वय समितिले निर्देशनको लागि वा नीतिगत निर्णय हुन लेखिआएको विषयमा आवश्यक निर्णय गर्ने,

(ड) न्याय क्षेत्र समन्वय समितिको कार्ययोजना कार्यान्वयन गर्ने गराउने,

(ढ) समितिले उपयुक्त देखेको अन्य कुनै विषय ।

६. **बैठकमा पेस र छलफल हुन नसक्ने विषयः** दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठकमा देहायको विषय पेस गर्ने, छलफल तथा त्यस्तो विषयमा निर्णय गरिने छैनः-

(क) अदालतमा विचाराधीन कुनै मुद्दाको विषय,

(ख) कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरणको विषय, र

(ग) कुनै एउटा निकायको नितान्त आन्तरिक सरोकारको विषय ।

परिच्छेद-३

## कार्यक्रम सञ्चालन तथा बजेट व्यवस्थापन

७. **समितिको समन्वयबाट न्यायक्षेत्रको सुधारमा सञ्चालन हुन सक्ने कार्यक्रमः** समितिको समन्वय, निर्देशन, आयोजना वा सहकार्यमा केन्द्रीय, क्षेत्रीय तथा स्थानीय तहमा आवश्यकताअनुसार न्याय प्रशासन र

सम्पादनसँग सम्बन्धित अनुसूची- ५ मा उल्लेखित विषयलगायतमा प्रशिक्षण, कार्यशाला वा गोष्ठी जस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

८. **बजेट माग गर्ने विधिः** (१) समितिले आगामी आर्थिक वर्षमा आयोजना गर्ने दफा ७ मा उल्लिखित वा अन्य कुनै समसामयिक विषयको प्रशिक्षण, कार्यशाला वा गोष्ठी सञ्चालन गर्नको लागि आवश्यक पर्ने खर्चको विस्तृत विश्लेषणसहित चालू आर्थिक वर्षको मङ्सिर मसान्तभित्र सर्वोच्च अदालत आर्थिक प्रशासन शाखामा बजेट व्यवस्थाको लागि लेखी पठाउनु पर्नेछ ।

(२) स्थानीय तहमा दफा ७ मा उल्लेखित वा अन्य समसामयिक विषयको प्रशिक्षण, कार्यशाला वा गोष्ठी सञ्चालनको लागि पुनरावेदन तथा जिल्ला न्यायक्षेत्र समन्वय समितिबाट रकम माग भै आएकामा त्यस्ता कार्यक्रममध्ये उपयुक्त देखिएको कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम निकासाको लागि सर्वोच्च अदालत आर्थिक प्रशासन शाखामा लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद-४

## विविध

९. **वार्षिक प्रतिवेदनमा समावेश गर्नेः** समितिले हरेक आर्थिक वर्षमा गरेको काम कारवाहीको विवरण सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा समावेश गरी प्रकाशित गरिनेछ ।

१०. **समितिले आवश्यक निर्णय गर्न र निर्देशन दिन सक्नेः** यस निर्देशिकामा उल्लेख भएबमोजिम आफ्नो कार्य सञ्चालन गर्दा कुनै अडबड परेमा समितिले आवश्यक निर्णय गर्न र पुनरावेदन तथा जिल्ला न्याय क्षेत्र समन्वय समितिमा समेत निर्देशन दिन सक्नेछ ।

पूर्ण बैठकबाट पारित मितिः- २०७२।१०।०६।४ मा

## अनुसूची - १

## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

सर्वोच्च अदालत

केन्द्रीय न्यायक्षेत्र समन्वय समिति

मितिः २० ...।..।..

श्रीमान् ...... (सम्बन्धित पदाधिकारी) .................... ज्यू ,

........... (सम्बन्धित कार्यालाय वा निकाय) ............... कार्यालय,

........... (सम्बन्धित ठेगाना) ...........।

**विषयः-** समन्वय समितिको बैठकमा उपस्थिति भै दिनु हुन।

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३घ४ बमोजिम गठित केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको बैठक देहायबमोजिमको मिति, समय र स्थानमा बस्ने भएकाले उक्त बैठकमा उपस्थितिका लागि निर्देशनअनुसार अनुरोध गरेको छु ।

**वैठक बस्ने मिति, समय र स्थान**

मितिः २०  ।  ।

समयः ·

स्थानः ..............................।

**छलफलका विषयहरू -**

१·

२·

(.....................)

**सदस्य-सचिव / सह-रजिस्ट्रार**

**अनुसूची - २**

**(दफा ४(क) सँग सम्बन्धित)**

**सर्वोच्च अदालत**

केन्द्रीय न्याय क्षेत्र समन्वय समिति

मितिः २० ...।..।..

श्रीमान् ...... (सम्बन्धित पदाधिकारी) .................... ज्यू,

........... (सम्बन्धित कार्यालय वा निकाय) ............... कार्यालय,

........... (सम्बन्धित ठेगाना) ...........।

**विषयः-** केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको आगामी बैठकमा छलफलको लागि पेस हुने विषय उपलब्ध गराइदिनुहुन अनुरोध ।

त्यस कार्यालय/निकाय/ वा नागरिक समाजको तर्फबाट न्याय सम्पादनको क्रममा अन्तरनिकायगत समन्वय र सहकार्य तथा अदालतको सुरक्षा प्रबन्ध गर्न, न्यायपालिकाको रणनीतिक योजना फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिनेलगायतका कुनै विषयमा अस्पष्टता वा असहजता अनुभव गरिएको भए त्यस्तो विषयमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३घ४ बमोजिम गठित केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको आगामी बैठकमा छलफल हुन आवश्यक देखिएको भए उक्त समितिको आगामी बैठकमा छलफलको विषय (एजेन्डा) को रुपमा पेस गर्न तत्सम्बन्धी विषय यस महिनाको मसान्तसम्ममा समितिको सदस्य-सचिवलाई उपलब्ध गराई सहयोग गरिदिनुहुन केन्द्रीय न्यायक्षेत्र समन्वय समिति कार्यसञ्चालन निर्देशिका, २०७२ को दफा ४(क) बमोजिम अनुरोध गरेको छु ।

(.....................)

**सदस्य-सचिव / सह-रजिस्ट्रार**

## अनुसूची - ३

## (दफा ४(ङ) सँग सम्बन्धित)

सर्वोच्च अदालत

केन्द्रीय न्याय क्षेत्र समन्वय समिति
निर्णय पुस्तिका

बैठक नम्बरः

आज मिति २० ..।..।.. गतेका दिन ....... केन्द्रीय न्याय क्षेत्र समन्वय समितिका अध्यक्ष सम्माननीय प्रधान न्यायाधीश/ सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री .................................. ज्यूको अध्यक्षतामा समितिको बैठक बसी निम्न विषयमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थिति</u>

| **क्र.सं.** | **नाम थर** | **पद** | **कार्यालय/निकाय** | **दस्तखत** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

**<u>छलफलको लागि पेस भएका विषयहरू (एजेन्डा)</u>**

१.

२.

**<u>बैठकको निर्णय</u>**

विषय नं. १ .......... विषयमा छलफल भै ............................गर्ने निर्णय भयो ।

विषय नं. २ ......... विषयमा छलफल भै ........................... गर्ने निर्णय भयो ।

निर्णय लेख्नेः ............... सदस्य-सचिव

निर्णय प्रमाणित गर्नेः ............. अध्यक्ष

**अनुसूची - ४**

**(दफा ४(ज) सँग सम्बन्धित)**

**सर्वोच्च अदालत**

केन्द्रीय न्याय क्षेत्र समन्वय समिति

मितिः २० ...।..।..

श्री ............................
सदस्य
केन्द्रीय न्यायक्षेत्र समन्वय समिति,

श्री ...... (सम्बन्धित पदाधिकारी) .................... ज्यू ,

.......... (सम्बन्धित मन्त्रालय, कार्यालय वा निकाय) ............... मन्त्रालय / कार्यालय,

.......... (सम्बन्धित ठेगाना) ..........।

**विषय :** निर्णय उतार पठाइएको सम्बन्धमा ।

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३घ४ बमोजिम गठित केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको बैठक समितिका अध्यक्ष सम्माननीय प्रधान न्यायाधीश श्री/माननीय न्यायाधीश श्री ........................................ ज्यूको अध्यक्षतामा मिति ............................ गते बसी सो बैठकबाट भएको निर्णय उतार एक प्रति यसै पत्रसाथ संलग्न राखी केन्द्रीय न्याय क्षेत्र समन्वय समिति कार्य सञ्चालन निर्देशिका, २०७२ को दफा ४ (ज) बमोजिम जानकारीका / कार्यान्वयनका लागि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

साथै, सो निर्णयको नं. ....... मा ........(....निर्णयको छोटो विषय राखे.) ताहाँ मन्त्रालयसँग/ विभाग/ कार्यालयसँग सम्बन्धित विषय भएकाले निर्णय कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन हुन अनुरोध छ ।

**(......................)**

**सदस्य-सचिव / सह-रजिस्ट्रार**

## अनुसूची- ५

## (निर्देशिकाको दफा ७ सँग सम्बन्धित)

१. न्यायक्षेत्र समन्वय समितिको भूमिका र प्रभावकारिता,

२. न्यायिक बाह्य-पहुँच (Judicial Outreach) सम्बन्धी कार्यक्रम सञ्चालन,

३. न्यायिक कार्यसम्पादनमा स्थानीय निकायका प्रतिनिधिको भूमिका,

४. कानूनी सहायतासम्बन्धी मौजुदा व्यवस्था र विपन्न व्यक्तिको कानूनी प्रतिनिधित्व,

५. पीडित तथा साक्षीको संरक्षण र प्रस्तुतीकरण,

६. बन्दीको कानूनी अधिकार संरक्षण,

७. निरन्तर सुनुवाई र सरोकारवालाको भूमिका,

८. यातना र क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्था,

९. लैङ्गिक न्याय,

१०. बाल न्याय,

११. विधिको शासन, मानव अधिकार र स्वच्छ सुनुवाई,

१२. नयाँ ऐन नियमको परिचय,

१३. न्याय सम्पादन सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

१४. न्यायपालिकाको रणनीतिक योजना फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन समन्वय गर्ने विषय,

१५. अदालतको सुरक्षा व्यवस्थालाई समन्वय गर्ने विषयमा,

१६. न्याय क्षेत्र समन्वय समितिको कार्ययोजना, २०७२ मा उल्लेखित क्रियाकलापको कार्यान्वयनबारे,

१७. समितिले उपयुक्त देखेको अन्य विषय ।